नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# विश्व बिरामी सुरक्षा दिवस २०२६

## प्रेस विज्ञप्ति

नाराः *"सुरक्षित उपचार र निरन्तर हेरचाह, नसर्ने रोग व्यवस्थापनको बलियो आधार"*

मितिः आश्विन १, २०८३ (सेप्टेम्बर १७, २०२६), काठमाडौं

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभागले सन् २०१९ देखि हरेक वर्ष सेप्टेम्बर १७ का दिन **'विश्व बिरामी सुरक्षा दिवस'** मनाउँदै आएको छ। यस वर्षको नाराले तीव्र रुपमा बढिरहेका नसर्ने रोगहरू (NCDs) को व्यवस्थापनमा बिरामीको सुरक्षा सुनिश्चित गर्न र उपचारजन्य त्रुटिहरू न्यूनिकरण गर्न सुरक्षित चिकित्सा प्रणाली र निरन्तर निगरानीको अपरिहार्यतालाई जोड दिएको छ।

**संसारभर** हुने कुल मृत्युको **७५%** मृत्यु मुटुरोग, क्यान्सर, दम र मधुमेह जस्ता नसर्ने दिर्घ रोगका कारण हुने गरेको छ । अल्पायुमै अर्थात् ७० वर्ष अगावै हुने मृत्युमध्ये ८२% मृत्यु न्यून तथा मध्यम आय भएका देशमा हुने गरेको छ। नेपालमा मात्रै कुल मृत्युको **७१% भन्दा बढी** मृत्यु नसर्ने दिर्घ रोगका कारण हुने गरेको छ। बदलिँदो जीवनशैली , अस्वस्थ खानपान, शारीरिक निष्क्रियता, मानसिक तनाव, बढ्दो शहरीकरण, प्रदुषण र सुर्तीजन्य पदार्थ तथा मदिरा सेवन यसका मुख्य कारणहरु रहेका छन। पछिल्लो समय नेपालले सामना गर्नु परेको स्वास्थ्य आपत्कालीन अवस्था, विशेषगरी **गत भाद्र १० गते** भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण **रसुवा तथा नुवाकोट** लगायतका जिल्लाहरुमा स्वास्थ्य पूर्वाधार र सेवा प्रवाहमा गम्भीर अवरोध सिर्जना भएको छ। यस्तो विषम परिस्थितिमा बिरामीको सुरक्षालाई अस्पताल भित्रको सेवामा मात्र सिमित नराखी, विपदको समयमा पनि सुरक्षित, गुणस्तरीय र निरन्तर स्वास्थ्य सेवा सुनिश्चित हुने गरी समुदायस्तर देखि स्वास्थ्य संस्थासम्म व्यापक रूपमा प्रवर्द्धन गर्नुपर्ने आवश्यकता देखिएको छ। आपत्कालीन अवस्थामा बिरामी सुरक्षाका लागि औषधिको निरन्तर उपलब्धता, सही निदान, सुरक्षित उपचार, संक्रमण रोकथाम, स्वास्थ्य अभिलेखको निरन्तरता र सुरक्षित प्रेषण प्रणाली सुनिश्चित गर्न सरकार लागीपरेको छ। यसका साथै नसर्ने रोग भएका बिरामीहरुलाई नियमित औषधि र फलोअप सेवाबाट बञ्चित हुन नदिन विपद् व्यवस्थापन योजनालाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले उच्च प्राथमिकतामा राखेको छ।

स्वास्थ्य संस्थाहरूलाई विपद्को सामना गर्न सक्ने गरी सक्षम बनाउनु, अत्यावश्यक औषधिको निरन्तर उपलब्धताको पूर्वतयारी गर्नु र स्थानीय तहदेखि संघीय तहसम्म स्वास्थ्य समन्वय बलियो बनाउनु आजको आवश्यकता हो। सुरक्षित र निरन्तर स्वास्थ्य सेवा पाउनु नागरिकको अधिकार हो। यस अवसरमा सम्पूर्ण स्वास्थ्यकर्मी, बिरामी, परिवार, स्थानीय तह र साझेदार संस्थाहरूलाई **"सुरक्षित स्वास्थ्य सेवा, सबैको साझा जिम्मेवारी"** भन्ने भावनाका साथ बिरामी सुरक्षालाई उच्च प्राथमिकतामा राख्न र यस अभियानमा ऐक्यबद्धता जनाउन हार्दिक आह्वान गर्दछौं।

मितिः २०८३/०६/०१

निर्देशक
उपचारात्मक सेवा महाशाखा
स्वास्थ्य सेवा विभाग, टेकु